१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ८ ॥ २०८१ माघ २३ गते बुधबार (5th Feb 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

## गोली प्रहार गरी दुई लागूऔषध कारोवारी पक्राउ



झापा(प्रस) । झापाको कन्काई नगरपालिका ४ मा प्रहरीले गोली प्रहार गरी दुईजना भारतीय लागूऔषध कारोबारीलाई पक्राउ गरेको छ ।

मंगलवार साँझ ६.१८ बजे कन्काई ४ मा दुईजनाले लागूऔषध लुकाएर राखेको भन्ने खबर पाएपछि इलाका प्रहरी कार्यालय सुरुङ्गा र लागूऔषध नियन्त्रण ब्यूरो काँकडभिट्टाको संयुक्त टोलीले पक्राउ गर्न खोजेको थियो ।

त्यसक्रममा उनीहरु भागेपछि खेदाउने क्रममा प्रहरीले पाँच राउन्ड हवाई फायर गरेको थियो । तर पनि भागेपछि दुई राउन्ड गोली हानेर लागूऔषधसहित दुई भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको हो । एकजनाको खुट्टामा गोली लागेको छ । दुवैजनालाई पक्राउ गर्न प्रहरी सफल भएको इलाका प्रहरी कार्यालय सुरुङ्गाका प्रहरी वरिष्ठ नायव निरीक्षक राधाकृष्ण दाहालले बताए । पक्राउ पर्नेहरुमा भारत दिघलबैंक ५ का २८ वर्षीय अन्जार आलम र उनका भाई १७ वर्षीय युसुफ आलम रहेका छन् । एकजनालाई नियन्त्रणमा लिएको र अर्का घाइतेलाई उपचारका लागि कन्काई नगर अस्पतालमा भर्ना गरिएको थियो । त्यहाँबाट बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको प्रहरीले जनाएको छ । उनीहरुको साथबाट ३५ ग्राम ब्राउनसुगर बरामद भएको जनाइएको छ । नेपाल भारत खुल्ला सीमाको फाइदा उठाउँदै नेपालको दक्षिणी दिघलबैंक नाकाबाट हरेक दिनजसो कारोवारीहरुले सोझै नेपाली भूमिमा लागूऔषध भित्र्याउने गरेका छन् । त्यसको सुराकी पाएपछि प्रहरीले यसको नियन्त्रणमा कडाई गरेको जनाएको छ।

उता प्रहरीले लागूऔषध गाँजासहित कार नियन्त्रणमा लिएको छ । मंगलवार बिहान २.३० बजे सुनसरीको धरान उप- महानगरपालिका -६ पानमारा जंगलस्थित भित्री सडकखण्डमा लागूऔषधको ओसारपसार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको गाडी मोबाइल टोलीले गस्ती गरिेको थियो । त्यसक्रममा पानबारीबाट सेउती पुलतर्फ फर्किएर रोकिएको अवस्थामा बा १५ च ७६३३ नं.को कार फेला परेको थियो । उक्त कारभित्र चेकजाँच गरी हेर्दा चालकबिना चाबीसहित ४१० केजी गाँजा फेला परेको थियो । कार र गाँजा इप्रका धरानमा ल्याइएको जनाइएको छ ।

त्यस्तै सुनसरीकै हरिनगरमा कालो सुटकेसभित्र १९ केजी गाँजा फेला परेको छ । सोमवार साँझ ७.३० बजे हरिनगर- ६ कविलासा जाने बाटोको बाँसबारीमा लुकाई राखेको बेवारिसे अवस्थामा कालो सुटकेस फेला परेको थियो । उक्त सुटकेस खोली हेर्दा सुटकेसभित्र १९ केजी गाँजा फेला परेको प्रहरी चौकी घुस्कीहाटले जनाएको छ ।

## बाह्रदशी अध्यक्ष कपको उपाधि दमकलाई

झापा(प्रस) । झापाको बाह्रदशीमा संचालित प्रथम बाह्रदशी अध्यक्ष कप आमन्त्रित कोशी प्रदेश पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिताको उपाधि दमक नगरपालिकाले उचालेको छ। मंगलवार भएको फाइनल खेलमा दमक नगरपालिकाले २५-२१, २३-२५,२५-१६ र





२५-१६ को सेटमा बिर्तामोडलाई पराजित गरेको हो।

बिजेता दमक नगरपालिकाले नगद एक लाख २१ हजार २२१ रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र पाएको छ।

यस्तै उपबिजेता बनेको बिर्तामोड नगरपालिकाले नगद ७५ हजार ५५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्रमा चित्त बुझाएको छ । फाइनल खेलको म्यान अफ द म्याच दमकका खेलाडी सुमन रानामगर घोषित भए ।उनले ट्रफी र सम्मानपत्र प्राप्त गरे।फाइनल खेलअघि भएको सेमिफाइनल खेलबाट बाहिरिएका लेटाङ नगरपालिका र पाथीभरा याङ्वरक गाउँपालिकाले नगद दश-दश हजार पाएका छन्।

बाह्रदशी गाउँपालिका परिसरमा भएको खेलमा सर्वोत्कृष्ट खेलाडी दमकका प्रदीप कट्टेल घोषित भए। उनले नगद पाँच हजार र प्रमाणपत्र पाए। बेस्ट लिफ्टर दमकका खेलाडी मुस्कान लिम्बू, बेस्ट स्पाइकर बिर्तामोडका लीला डाँगी, सर्वोत्कृष्ट ब्लकर दमकका जेनिस क्षेत्री, उदीयमान खेलाडी आयोजक टिका बिक्रम मर्दी, सर्वोत्कृष्ट डिफेन्स दमकका खेलाडी भुवन क्षेत्री घोषित भए। सम्पूर्ण उत्कृष्ट विधागत खेलाडीलाई जनही नगद पच्चीस सय र प्रमाणपत्र प्रदान गरिएको थियो ।

सेमिफाइनल खेलबाट पाथीभरा याङ्वरकलाई हराउँदै दमक र बिर्तामोड नगरपालिकाले लेटाङ नगरपालिकालाई पराजित गर्दै फाइनलको यात्रा तय गरेका थिए।

## सुनसान बन्दै पर्यटकीय क्षेत्र

झापा(प्रस) ।एक सातादेखिको लगातारको बन्दका कारण स्वदेशी पर्यटकको भीड लाग्ने इलामको अन्तु, कन्याम जस्ता पर्यटकीय क्षेत्र सुनसान छन् ।

ताप्लेजुङ पाथीभरा मन्दिरमा केबुलकार निर्माण र त्यसपछि उत्पन्न विवादपछि गरिएको बन्दले इलामका प्रमुख पर्यटकीय स्थल अन्तु, कन्यामसहितका क्षेत्र सुनसान बनेका हुन् । लगातारको बन्दका कारण मेची राजमार्गमा यातायात सञ्चालन हुन नसक्दा पर्यटक आउन छाडेका छन् । सूर्योदय नगरपालिकाको कन्याम, अन्तु, रोङ गाउँपालिकाको सानो पाथीभरा मन्दिर, सन्दकपुर गाउँपालिकाको सन्दकपुरडाँडा,



देउमाई नगरपालिकाको पानीटार, इलाम नगरपालिकाको इलाम बजार क्षेत्र सुनसान छन् । कन्यामका पर्यटन व्यवसायी टेकराज गिरीले स्वदेशी पर्यटकको भिड लाग्ने कन्याम बन्द सुरु भएपछि सुनसान बनेको बताएका छन् । उनले कन्याममा घोडचढी व्यवसाय गर्ने, विभिन्न जातजातिका पोसाकको व्यवसाय गर्ने, कोसेलीको व्यवसाय गर्ने र होटेल व्यवसायी बन्दको प्रत्यक्ष मारमा परेको बताए । व्यवसायी गिरीले भने, "झापा हुँदै आउने पर्यटक तलै रोकिएका छन् । बन्दको हल्लाका कारण भारतीय पर्यटक पनि एक जना आएका छैनन् ।"

कन्यामजस्तै पर्यटकको बाह्रै महिना भीड लाग्ने अन्तु पनि सुनसान बनेको छ । पर्यटक आउन नसकेपछि अन्तुमा सञ्चालित होमस्टे, कटेज तथा होटेलसहितको व्यवसाय ठप्प भएको अन्तु पर्यटन व्यवसायी संघका अध्यक्ष रुद्र घिमिरेले जानकारी दिए । जिल्लाका अन्य पर्यटकीय स्थल सन्दकपुर, पानीटार, चिया बगानसहितका क्षेत्र पनि सुनसान छन् ।

## घाइते नवीनको ज्यान बचाउन गोमाको सहयोग



झापा(प्रस)। फुटबल खेल्दा आन्द्रामा चोट लागेर सिकिस्त भएका बाबुआमा नभएका एक युवकलाई बिर्तामोड-२ चारपानेकी गोमा निरौला लिम्बूले आर्थिक सहयोग संकलन गरेर ज्यान बचाएकी छन् । सामाजिक कार्यमा अग्रसर गोमाले तेह्रथुमको आठराई गाउँपालिका-२ भोटेखानीका २१ वर्षीय नवीन भनिने निमा तेन्जिङ शेर्पाको ज्यान बचाएकी हुन् ।

गत भदौ १४गते आठराई गाउँपालिका-२ को चिसापानी खेलमैदानमा फुटबल खेल्ने क्रममा नवीनलाई गोलकिप्परसंग ठोक्किँदा पेटको आन्द्रामा चोट लागेको थियो । उनलाई भदौ १६ गते बिर्तासिटी अस्पताल बिर्तामोडमा भर्ना गरिएको थियो । गोमाले आफ्नो अगुवाईमा 'नविन बचाउ अभियान' शुरु गरेकी थिइन् । त्यसमा नवीनका काका इन्द्रकुमार शेर्माले सहयोग गरेका थिए । सो अभियानबाट ८लाख ४७ हजार ६ रुपैयाँ संकलन भएको थियो । त्यसमध्ये अस्पताल खर्च २ लाख ३४ हजार ९३६ र अन्य गरी जम्मा ३ लाख ११ हजार ५३६ रुपैयाँ खर्च भएको सोमवार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

बाँकी रकम नवीनको जीविकोपार्जनका लागि बैंकमा फिक्स्ड डिपोजिट गरिने उनले जानकारी दिइन् । नवीनको उपचारका लागि हङकङबाट मात्र ३ लाख २७ हजार रुपैयाँ आर्थिक सहयोग आएको थियो । आर्थिक अवस्था नाजुक र आमाबाबुबिहीन नविनको अवस्था देखेर सामाजिक सञ्जालबाट देशबिदेशमा रहेका महानुभावसँग सहयोगको अपिल गरेको गोमाले बताइन् । उनले देश बिदेशबाट प्राप्त सहयोगका कारण नै नवीनको उपचारमा ठूलो सहयोग मिलेको भन्दै सहयोग गर्ने सम्पूर्णलाई धन्यवाद दिएकी छन् । उनले आफू पनि आठराईबासी नै भएको र छिमेकी भाइको अवस्था देखेर आफुले अभियान चलाएको बताइन् । यसअघि पनि गोमाले आर्थिक अभावका कारण उपचार नपाएकाहरुलाई अभियान चलाएर सहयोग गरेकी थिइन् । कार्यक्रममा पूर्व जनप्रतिनिधि प्रेमप्रकाश सिटौला, बिरामीका दाजु कमल शेर्पा, काका इन्द्रकुमार शेर्पा, बिर्तासिटी अस्पतालका प्रशासन प्रमुख बिनोदकुमार बस्नेतलगायतको उपस्थिति रहेको थियो ।

## प्रेस चौतारीले मनायो स्थापना दिवस

झापा(प्रस) । प्रेस चौतारी नेपाल जिल्ला कमिटी झापाले २७ औं स्थापना दिवस मनाएको छ । प्रेस चौतारी झापाले धार्मिक तथा पर्यटकीय क्षेत्र शिवसताक्षी-१० स्थित दोमुखामा स्थापना दिवस मनाएको हो । सोही कार्यक्रममा प्रेस चौतारी नेपाल झापाले स्थापना गरेको पत्रकार उपचार सहयोग कोषमा आर्थिक सहयोग जुटेको छ । बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाईले आफ्ना श्रीमान ज्ञानुराम प्रसाईको स्मृतिमा ५१ हजार रकम पत्रकार उपचार सहयोग कोषमा हस्तान्तरण गर्ने घोषणा गरेकी छन् । यस्तै पत्रकार उपचार कोषकी संयोजक भिमा शिवाकोटीलगायतले समेत रकम प्रदान गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेशका पूर्व मुख्यमन्त्री शेरधन राई,





नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाई, नेपाल पत्रकार महासंघ कोशी प्रदेशकी उपाध्यक्ष अम्बिका भण्डारी, प्रेस सेन्टर नेपाल झापाका अध्यक्ष पुष्प खड्कालगायतले शुभकामना मन्तव्य राखेका थिए । वनभोजसहित आयोजना गरिएको कार्यक्रममा बिभिन्न मनोरञ्जनात्मक कार्यक्रम तथा सांस्कृतिक कार्यक्रम गरिएको थियो । त्यसअवसरमा अश्लिल, मिथ्या तथा भ्रामक बिषयवस्तु प्रचारप्रसारबिरुद्ध झापाली पत्रकार प्रतिवद्ध छौ भन्दै हस्ताक्षर कार्यक्रमसमेत सञ्चालन गरिएको थियो । यस्तै प्रेस चौतारी झापाको गत माघ ११ गते सम्पन्न १० औं अधिवेशनबाट चयन भएका पदाधिकारी तथा सदस्यहरुलाई प्रमाणपत्र बितरण गरिएको थियो । सो कार्यक्रमको सहजीकरण निर्वाचन समिति सदस्य गोपाल काफ्लेले गरेका थिए ।

प्रेस चौतारी झापाका अध्यक्ष प्रदीप परियारको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष राजु पोखरेलले गरेका थिए भने सञ्चालन सचिव युवराज आचार्यले गरेका थिए । कार्यक्रममा नेकपा एमाले झापा अध्यक्ष प्रेम गिरी, बिर्तामोड नगर अध्यक्ष सुवास भट्टराई, हल्दीबारी गाउँ कमिटी अध्यक्ष त्रिलोचन सापकोटा, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष सुब्रत न्यौपाने, प्रेस युनियन झापा अध्यक्ष गिरीराज भट्टराईलगायत बिभिन्न संघ संगठनका प्रमुख तथा प्रतिनिधि, एमालेका बिभिन्न तह तप्काका कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

# प्रधानमन्त्रीले गरे एचपिभी खोप अभियानको शुभारम्भ

झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले विश्व क्यान्सर दिवसका अवसरमा किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप अभियानको शुभारम्भ गरेका छन् ।

बालुवाटरस्थित शिवपुरी उच्च माध्यामिक विद्यालयमा मंगलवार आयोजित एक कार्यक्रममा काठमाडौं महानगरपालिका-३ स्वास्थ्यकर्मीलाई खोपसामग्री प्रदान गरेर अभियानको शुभारम्भ गरेका हुन् । किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सरबाट बचाउनका मंगलवारदेखि फागुन ६ गतेसम्म खोप अभियान सञ्चालन गर्दै छ । खोप अभियानमा देशभरका कक्षा ६ देखि १० सम्म र विद्यालय बाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका १६ लाख ८८ हजार ९०० किशोरीलाई खोप लगाइने छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार मुलुकमा हरेक दिन पाठेघरको मुखको क्यान्सरबाट चार जना महिलाको मृत्यु हुने गरेको छ । पाठेघरको मुखको क्यान्सर ह्युमनपापिलोमा भाइरस संक्रमणले हुन्छ । नेपालमा महिलामा हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा छ ।





## आवश्यकता

**एकजना अनुभवी एकाउन्टेन्ट (Accountant) कर्मचारीको आवश्यकता भएकोले तु-सम्पर्क गर्नुहोला ।**

सम्पर्कः
**बिर्ता बाईक एसेसरिज**
बिर्तामोड, झापा
९८०४९७१०३४


## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, झापा जिल्ला,अर्जुनधारा नगरपालिका वार्ड नं.-६मा बस्ने श्री टिकाराम दाहालकी छोरी,श्री डिल्लीराम कोइरालाकी श्रीमती,श्री ईश्वरा कोइरालाको मिति वि.सं.२०७२/१२/२३गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शनिश्चरेमा रहेको बचत खाता न. ००७०१०८०००५७६७९००००००१ खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका बुहारी श्री रञ्जना थापाले मिति वि.सं.२०८१/१०/१५मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## मिति २०८१ कार्तिक १ गतेदखी २०८१ पौष मसान्तसम्मको सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

| क.स. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | कम्पनी ऐन, २०६३ वमोजिम स्थापना भई वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम कारोवार गर्ने गरी नेपाल राष्ट्र वैंकबाट इजाजतपत्रप्राप्त कोशी प्रदेश कार्यक्षेत्र भएको "ख" वर्गको विकास वैंक हो । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ मा भए वमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ । |
| ३ | निकायमा रहने कर्मचारी सख्या र कार्य विवरण | हाल स्थायी, अस्थायी, करार समेत गरि जम्मा कर्मचारी सख्या २६९ रहेको र बैंकले तोकेको कार्यहरु विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत सम्पादन भइरहेका छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम प्रदेश स्तरको "ख" वर्गको विकास वैंकले दिन सक्ने सम्पूर्ण वैंकिङ्ग सेवाहरु प्रदान गरिरहेको छ । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण वैंकको वेभसाईट www.edb.com.np मा उपलब्ध छ । |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | दस्तुर सम्बन्धमा विकास वैंकले विनियममा उल्लेख भए अनुसार तथा पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरे वमोजिम र अवधिको हकमा कामको प्रकृति अनुसार फरक पर्नेछ । |
| ७ | निर्णय गर्ने प्रकृया र अधिकारी | बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले गर्न सक्ने प्रकृया मिलाइएको छ । नियमित कार्य संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा विकास वैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेल<br>एक्सेल डेभलपमेन्ट वैंक लिमिटेड, केन्द्रीय कार्यालय, विर्तामोड, झापा ।<br>फोन नं. ०२३ ५३४०१० |
| ९ | सम्पादन गरेको कामको विवरण | वैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ वमोजिम प्रदेश स्तरको "ख" वर्गका विकास वैंकहरुले गर्न सक्ने दैनिक कारोवारहरु सम्पादन भईरहेको छ । |
| १० | सुचना अधिकारी र प्रमुखको नाम र पद | सूचना अधिकारी : श्याम वहादुर वोहोरा (कम्पनी सचिव) र प्रमुख : डा. ईन्द्रकुमार कट्टेल (प्रमुख कार्यकारी अधिकृत) |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु वित्तीय संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहाय वमोजिमको नियम, विनियम र निर्देशिकाहरु वैंकिङ्ग कार्यको लागि प्रमुख रुपमा रहेका छन ।<br>(१) वेंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (२) नेपाल राष्ट्र वैंक ऐन, २०५८<br>(३) बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ (४) कम्पनी ऐन, २०६३<br>(५) बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ (६) सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४<br>(७) धितोपत्र सम्बन्धि ऐन, २०६४ (८) सुरक्षित कारोवार ऐन, २०६३<br>(९) मुलुकी देवानी संहिता, २०७४ (१०) विनिमय अधिकारपत्र ऐन, २०३४<br>(११) विदेशी विनिमय(नियमित गर्ने) ऐन, २०१९<br>(१२) आयकर ऐन, २०५८ (१३) धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका,२०७३<br>(१४) उपरोक्त ऐन वमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु<br>(१५) नेपाल राष्ट्र वैंकबाट विभिन्न समयमा जारी गरिएका सम्पूर्ण निर्देशन तथा परिपत्रहरु<br>)१६) बैंकले तयार गरि जारी गरेका नीति, निर्देशिका, कार्यविधि तथा विनियमहरु |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण | बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित हुदै आएको छ भने वित्तीय संस्थाको वेभसाईट www.edb.com.np मा समेत ती विवरणहरु राखिएको छ । |
| १३ | तोकिए वमोजिमका अन्य विवरण | बैंकले आवश्यकता वमोजिमका विवरणहरु नियमित रुपमा सम्वन्धित निकायहरुमा पेश गरिने तथा सार्वजनिक प्रकाशन गरिने व्यवस्था रहेको । |
| १४ | अघिल्लो आ.व.मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण | यस वैंकले वैकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ । विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन गरेको छैन । |
| १५ | सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण | यस वैंकको वेभसाईट www.edb.com.np हो । |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धी विवरण | नभएको । |
| १७ | सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन | बैंकले त्रैमासिक रुपमा आर्थिक विवरण र वार्षिक प्रतिवेदन प्रकाशित गर्ने गरेको र वैंकको वेभसाईटमा पनि उपलव्ध गराईएको छ । |
| १८ | सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | नभएको । |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | यस अवधिमा कुनै सूचना माग सम्बन्धि निवेदन प्राप्त नभएको । |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेभसाईटमा समेत राखिएको छ । साथै वैंकको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरि वेवसाईटमा समेत राखिएको छ । |
| २१ | सूचना तथा गुनासो सुनुवाई डेस्क | बैंकको केन्द्रीय कार्यालयमा सूचना अधिकारी/मानव संशाधन विभाग प्रमुखको संयोजकत्वमा सूचना तथा गुनासो सुनुवाई डेस्क रहेको । |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

## गैह्र बैकिङ्ग सम्पत्ति लिलाम बिक्री गर्न शिलबन्दी बोलपत्र आव्हान गरिएको ३५ (पैंतिस) दिने सूचना ।


सुचना प्रकाशित मिति २०८१/१०/२३

यस बैंकको देहाय बमोजिमका कार्यालयको नाममा रहेका उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य सिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरीने हूँदा सो सम्पत्ति खरिद गर्न ईच्छूक व्यक्ति/फर्म/कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यस बैंकको केन्द्रीय कार्यालय, विर्तामोड-४, झापामा कार्यालय समय भित्र आइपूग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी बोलपत्र पेश गर्नूहून आव्हान गरिन्छ । प्राप्त बोलपत्रहरु बोलपत्र प्राप्त भएको कार्यालयमा ३६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खूलेको दिनमा दिनको ३:०० बजे खोलिने हूँदा बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि उपस्थित हून समेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनूपस्थितिले वोलपत्र खोल्न बाधा पूग्ने छैन ।

**लिलाम हूने सम्पत्तिको विवरण**

**सम्पत्ति धनीको नामः एक्सेल डेभलपमेन्ट बैंक लि.**

| सम्पत्ति रहेको ठेगाना | कि.नं | क्षेत्रफल (बि.क.धु.) | न्युनतम मुल्य |
|---|---|---|---|
| झापा जिल्ला साविक शिवगञ्ज गा.वि.स वडा नं ७ भई हाल शिवसताक्षी न. पा. वडा नं ११ | ७०७०, ९०१७, ९०४८, ९६३९ र ९६४१ | ०-०-५, ०-०-९, ०-०-२.५, ०-०-१.२५ र ०-०-२,<br>अढाइ तले घर | रु. २,६४,५१,०००.००<br>(अक्षरुपी दुई करोड चौंसठ्ठी लाख एकाउन्न हजार रुपैयाँ मात्र।) |
| झापा जिल्ला साविक शिवगञ्ज गा.वि.स वडा नं ७ भई हाल शिवसताक्षी न. पा. वडा नं ११ | १६८०४ | ०-११-१९.५० | रु.२,१६,७६,०००.०० (अक्षरुपी दुई करोड सोह्र लाख छयहत्तर हजार रुपैयाँ मात्र।) |
| झापा जिल्ला साविक शिवगञ्ज गा.वि.स वडा नं ७ भई हाल शिवसताक्षी न. पा. वडा नं ८ | ६४९<br>८६ | १-२-१९<br>०-२-० | रु. १,३४,५३,०००.०० (अक्षरुपी एक करोड चौंतिस लाख त्रिपन्न हजार रुपैयाँ मात्र।) |
| झापा जिल्ला साविक शिवगञ्ज गा.वि.स वडा नं ७ भई हाल शिवसताक्षी न. पा. वडा नं ९ | २२०५७ | ०-७-१० | १,०६,४५,०००.०० (अक्षरुपी एक करोड छ लाख पैंतालिस हजार रुपैयाँ मात्र।) |
| झापा जिल्ला साविक मधुमल्ला गा.वि.स वडा नं ६ भई हाल कमल गा.पा वडा नं ६ | ४३४, ४७७, ४७९, ४८१, ४८३, ४२८, २७७ र २७६<br>४२८ र २७६ | ०-३-७, ०-१-११, ०-१-९, ०-१-९, ०-१-१८, ०-५-१, ०-२-० र ०-७-०<br>स्कुल भवनहरु | रु. ५,१६,९३,१६५.७४(अक्षरुपी पाँच करोड सोह्र लाख त्रियानब्बे हजार एक सय पैंसठ्ठी रुपैयाँ पैसा चौरहत्तर मात्र।) |
| झापा जिल्ला साविक मधुमल्ला गा.वि.स वडा नं ६ भई हाल कमल गा.पा वडा नं ६ | ६१६<br>६१६ र ४२९ | स्कुल भवनहरु<br>०-३-११ र०-५-०३ | |




**शर्तहरुः**

१. बोलपत्र फारम यस बैंकको कूनै पनि शाखा कार्यालयवाट रु. १०००/- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सुचनाको आधारमा सम्पत्ति धनीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत सम्पत्ति धनीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा फर्म/कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हूने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयमा स.क्रे. अन्य हिसाव (9266011520002 SUNDRY CREDITORS (OTHERS)) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंक कार्यालयको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा Good for Payment Cheque/Managers Cheque अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम विक्री हुने सम्पत्ति निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नुअगावै कार्यालय समय भित्र सम्वन्धित कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. न्यूनत्तम मुल्य भन्दा कम रकम उल्लेख गरी पेश भएका बोलपत्रहरु स्वतः रद्द हुनेछन् ।
८. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिन भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउंमा नामसारी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
९. बोलपत्र दाखिला भईसके पछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
१०. रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
१२. विक्री भएको सम्पत्ति नामसारी गर्ने क्रममा सम्वन्धित मालपोत कार्यालयमा तिर्नुपर्ने सम्पुर्ण कर लगायतको दस्तुर खरिदकर्ताले नै बुझाउनुपर्नेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

कर्जा असूली विभाग

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# युवाहरूमा मानसिक समस्या

रोजगारीका सीमित अवसरहरू र आर्थिक असुरक्षाका कारण युवाहरूमा निराशा र तनाव बढेको छ। वैदेशिक रोजगारीमा जान बाध्य हुँदा परिवारबाट टाढिएर एक्लोपन र मानसिक तनाव बढ्छ। उच्च प्रतिस्पर्धाको वातावरण र परिवार तथा समाजबाट आउने अत्यधिक अपेक्षाले युवाहरूमा मानसिक दबाब बढाएको छ। विदेशमा अध्ययनको होडबाजीले आर्थिक र मानसिक तनाव थपेको छ। सामाजिक सञ्जालमा अरूसँगको तुलनाले युवाहरूमा आत्मसम्मानमा ह्रास आएको छ। परिवार र समाजको निरन्तर तुलना गर्ने बानीले मानसिक स्वास्थ्यलाई नकारात्मक असर पुर्‍याउँछ।
सामाजिक अलगाव र प्रविधिको प्रभावस्प्रविधिको अत्यधिक प्रयोगले वास्तविक सामाजिक सम्बन्धहरूमा कमजोरी ल्याएको छ। भर्चुअल संसारमा हराउँदा वास्तविक समस्या समाधानको प्रयास कम हुन्छ।
प्रेम सम्बन्ध, साथीहरू र परिवारसँगको असमझदारीले युवाहरूमा भावनात्मक तनाव बढाएको छ। देशको राजनीतिक अवस्था, भ्रष्टाचार र आर्थिक असमानताले युवाहरूमा भविष्यप्रतिको अनिश्चितता बढाएको छ।
राजनीतिक अस्थिरता स् बारम्बारको सरकार परिवर्तन र दीर्घकालीन नीतिको अभावले युवाहरूमा निराशा उत्पन्न गराएको छ। योग्यताअनुसार अवसर नपाउनु, चाकडी र पहुँचको राजनीतिले योग्य व्यक्तिहरूलाई पछि पारेको छ।

डिप्रेसनले युवाहरूको ध्यान केन्द्रित गर्ने क्षमतालाई कमजोर बनाउँछ र उनीहरूको शैक्षिक प्रदर्शनमा ह्रास ल्याउँछ। सामाजिक सम्बन्धमा समस्या स् डिप्रेसनले युवाहरूलाई एकान्तवासी बनाउँछ र उनीहरूको सामाजिक सम्बन्धमा समस्या निम्त्याउँछ।
डिप्रेसनले शारीरिक स्वास्थ्यमा पनि नकारात्मक असर पार्छ। यसले निन्द्राको समस्या, भोक नलाग्ने, थकान आदि जस्ता समस्या निम्त्याउँछ। गम्भीर डिप्रेसनले आत्महत्याको जोखिम बढाउँछ। विद्यालय र कलेजहरूमा मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। रोजगारी र उद्यमशीलता स् सरकारले रोजगारीका अवसरहरू सिर्जना गर्न र युवा उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्छ।
ध्यान, योग र परामर्श सेवाहरूले युवाहरूको मानसिक स्वास्थ्यमा सुधार ल्याउन सक्छ। समाजले युवाहरूलाई सहयोग र प्रोत्साहन गर्नुपर्छ।
विद्यालय तहदेखि नै मानसिक स्वास्थ्य शिक्षा समावेश गर्नुहोस् ।विद्यार्थीहरूलाई सानै उमेरदेखि नै मानसिक स्वास्थ्यका बारेमा सचेत बनाउनु जरुरी छ।
समाजमा खुलेर मानसिक स्वास्थ्यका बारेमा कुरा गर्न प्रोत्साहित गर्नुहोस् ।मानसिक स्वास्थ्यलाई एक ट्याबु विषयको रूपमा नलिई खुलेर कुरा गर्न प्रोत्साहित गर्नु आवश्यक छ।
मानसिक स्वास्थ्य सेवाहरूको पहुँच बढाउनुहोस् । ग्रामीण क्षेत्रहरूमा पनि मानसिक स्वास्थ्य सेवाहरूको पहुँच बढाउनुपर्छ।

Pratidin National Daily
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# ग्रामीण विकासका समस्या



• कृष्णमणि पराजुलि

नेपालको अधिकांश भूभाग ग्रामीण क्षेत्रले ओगटेको छ । यो क्षेत्रको विकास नगरी समग्र देशको विकास भएको मान्न सकिँदैन । समग्र देशको विकास गर्न योजनाबद्ध विकास प्रक्रिया अपनाइयो । देशमा प्रजातन्त्रको प्रादुर्भावपश्चात् विभिन्न राजनीतिक प्रणाली अपनाइयो र सोही अनुसार विकास गर्ने तौरतरिका कार्यान्वयनमा ल्याइए । अहिले हामी १६ औं पञ्चवर्षीय आवधिक योजनामा आइपुगेका छौं । यस अवधिमा धेरै साधनस्रोत खर्चिएको अवस्था पनि छ । यद्यपि ग्रामीण अर्थतन्त्रमा खासै सुधार आउन सकेको छैन ।

देशको ग्रामीण क्षेत्रले ठुलो भूभाग र जनसंख्या समेटेको छ । यही क्षेत्रलाई विकासका आधार मानिएको भए पनि झनै खस्कँदै गएको भन्नुपर्ने अवस्था छ । दुर्गम ग्रामीण क्षेत्रमा अझै पनि शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, रोजगारी जस्ता आधार भूत कुरा पुर्‍याउन सकिएको छैन । पुर्‍याइएका संरचना पनि सञ्चालनमा ल्याउन सकिएका छैनन् । मानिसलाई चाहिने यिनै कुरा हुन् । यिनको अभाव हुँदा मानिस जहाँ सुविधा उपलब्ध हुन्छ, त्यहीँ बसोबास गर्छ ।

ग्रामीण क्षेत्रको विकासमा धेरै समस्या देखिन्छन् । हिमाल कालापत्थरमा परिवर्तन हुने क्रम बढ्दै गएकाले राष्ट्रियस्तरमा नै चिन्ता गर्न थालिएको छ । यही क्रमले बढ्दै जाने हो भने पर्वतारोहणबाट आउने रोयल्टी पनि न्यून हुँदै जाने छ । जलवायु परिवर्तनमा सुधार नहुने हो भने नेपाल दोहोरो समस्यामा पर्ने छ । एक त हिमाली क्षेत्रको अवस्था दयनीय हुँदै जाने भएकाले त्यसबाट बसाइँसराइमा वृद्धि, रोजगारीमा कमी जस्ता कुरा आउने नै हुन्छन् भने नेपालले नगरेको अपराधको पनि सजाय भोग्नुपर्ने भएको छ । त्यसकारण हिमाली भूभागको विकास गरेर ग्रामीण अर्थतन्त्र मजबुत बनाउँदै लैजानुपर्ने आजको आवश्यकता हो ।

ग्रामीण विकासको अहिलेको मुख्य समस्या भनेको बसाइँसराइ नै देखिन्छ । ग्रामीण क्षेत्रमा विकास पुग्न सकेको छैन । आधारभूत आवश्यकताको खोजीमा ठुलो जनसंख्याले आफ्नो थातथलो छोड्दै गएको छ । ऊर्जाशील जनशक्ति रोजगारीका लागि विदेश पलायन तीव्र रूपमा बढ्दै छ । प्रत्येक दिन करिब तीन हजारका दरले देश छोड्नेको संख्या तथ्याङ्कले देखाएको छ । देशका लागि जुन जनशक्ति आवश्यक छ त्यही जनशक्ति पलायन भएपछि ग्रामीण विकासमा असर पर्ने नै भयो ।

पलायन भएको जनशक्तिले पठाएको पैसाले घरपरिवार धानिएको छ । गाउँमा शिक्षा, स्वास्थ्य जस्ता आधारभूत आवश्यकताकै अभावले उनीहरूको परिवार सुविधायुक्त सहर बजारमा बस्ने क्रम पनि बढिरहेको छ । विदेशबाट पठाएको ठुलो रकम सहरबजारमा खर्च हुँदै गएको छ । यसकारणले गर्दा विदेशबाट पठाएको पैसा पनि ग्रामीण क्षेत्रमा प्रवाह हुन सकेको देखिँदैन । गाउँमा गएको केही पैसा पनि घर कुरेर बस्ने बुढा बाआमाको जीविकाका लागि खर्च हुन गएको छ र उत्पादनशील कार्यमा प्रवाह गर्न सकिएको छैन ।

गाउँमा केही विकास पुगेको भए पनि स्थानीयको आवश्यकता र चाहना अनुरूप भएको छैन । भएका विकासको पनि लाभ लिन सकिएको छैन । यातायात पुगे पनि त्यो यातायातले पिँधका जनतालाई छुन सकेको छैन । शिक्षा, स्वास्थ्यको व्यवस्था भए पनि भवन, कर्मचारी, औषधी, चिकित्सक, उपकरण जस्ता आधारभूत आवश्यकताको अभाव नै देखिन्छ । लक्षित वर्गमा जबसम्म पूर्वाधारको सर्वसुलभ पहुँच पुग्न सक्दैन ग्रामीण विकासको कल्पनासम्म पनि गर्न सकिँदैन ।

ग्रामीण क्षेत्र यसै विकासमा पछि परेको थियो अहिले त झनै पछि पर्दै गइरहेको छ । मूलतः विदेशबाट आउने विप्रेषणको पैसा पनि गाउँघरमा लगानीको वातावरण नभएकाले सहर बजारतिरै बसाइँ सर्ने क्रम बढ्दो छ । सहरमा बस्ने, घरजग्गा किन्ने र छोराछोरीलाई पढाउने क्रम बढ्दै गएकाले ग्रामीण क्षेत्रले ठुलो समस्या भोग्नुपर्ने अवस्था सिर्जना हुँदै गएको छ । गाउँघरका खेतबारी बाँझो जग्गामा परिणत हुँदै छन् भने घर कुर्ने वृद्ध बाआमा पनि सहारा खोज्दै सहर पस्दै गरेका छन् । यसरी गाउँले धेरै दुःख पाएको अवस्था देखिन्छ ।

गाउँ प्राकृतिक सम्पदाले भरिपूर्ण भए पनि तिनीहरूलाई प्रयोगमा ल्याउन सकिएको छैन । घरको छेउबाट नदी बगेको हुन्छ, त्यसलाई उपयोगमा ल्याउन सकिएको छैन । कतिपय गाउँमा चिल्ला सडक पुगेका पनि छन् तर त्यहाँ गाडी चढ्न सक्ने मानिसको अभाव छ । खेतबारी भए पनि उत्पादन गर्ने जनशक्तिको अभाव देखिन्छ । भएका सानातिना घरेलु व्यवसाय पनि हराउँदै गएका छन् । मुख्य कुरो मानिस नै बसाइँ सरेर अन्यत्र गएपछि ग्रामीण क्षेत्रको विकास किन गर्ने भन्ने बहसको विषय पनि बनेको छ ।

जलवायु परिवर्तनको कारणले गर्दा पर्यावरणमा ठुलो असर पुगेको छ । बाढीपहिरो, भूस्खलन जस्ता प्राकृतिक प्रकोपले गर्दा मानिसहरू बसाइँ सर्न बाध्य हुनु परेको छ । प्रकृतिले ठगेको र त्यसमा पनि आधारभूत आवश्यकताको अभावका कारण ग्रामीण क्षेत्र विकासको दृष्टिकोणबाट झनै पछि पर्दै गएको अवस्था छ ।

नेपाल कृषिप्रधान देश भए पनि कृषि व्यवसायलाई उत्पादनमुखी बनाउन सकिएको छैन । अझै पनि हामी कृषिमा आत्मनिर्भर हुन सकेका छैनौं । ठुलो मात्रामा कृषिजन्य खाद्यान्न आयात गर्नुपर्ने अवस्था छ । ग्रामीण क्षेत्रको आधार भनेको नै कृषि हो । यही क्षेत्र उपेक्षित हुँदै गएकाले ग्रामीण अर्थतन्त्र खस्कँदै गएको छ । कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको ठुलो योगदान भई आएकोमा अहिले २७ प्रतिशत मात्र छ । त्यस्तै गरेर कृषि पेसामा लागेको जनसंख्या पनि क्रमशः घट्दै आएको छ र अहिले करिब ६५ प्रतिशतको हाराहारीमा छ । यसले के देखाउँछ भने ग्रामीण क्षेत्रको मुख्य पेसा भनेको कृषि हो र यही क्षेत्र ह्रासोन्मुख हुँदै गएका कारणले राष्ट्रिय अर्थतन्त्रमा समेत असर पर्न गएको छ ।

नेपालको ग्रामीण क्षेत्र प्राकृतिक सम्पदाले सम्पन्न छ । यसबाट हामीले लाभ लिन सकिरहेका छैनौं । पहाडी र हिमाली भागमा पर्यटन व्यवसायको अत्यधिक सम्भावना छ । अहिले गाउँघरमा सञ्चालन भएका सानातिना होटेल, रिसोर्ट, होमस्टेहरूले पनि ग्रामीण अर्थतन्त्रमा केही मात्रामा भए पनि योगदान पुर्‍याइरहेका छन् ।

ग्रामीण क्षेत्रको ऐतिहासिक पृष्ठभूमि अध्ययन गर्ने हो भने स्थानीय तहको आवश्यकता स्थानीय तहमा उपलब्ध हुन सक्ने साधनस्रोतबाट मानिसको आवश्यकता परिपूर्ति हुन सक्थे । अहिले त्यो अवस्था छँदै छैन । आफूलाई पुग्ने खाद्यान्न, तेलहन, कृषि सामग्री जस्ता वस्तुको उत्पादन तथा व्यवस्थापन स्थानीय तहबाटै हुन सक्थ्यो । अहिले यो विषय इतिहास जस्तै भएको छ ।

अहिले ग्रामीण क्षेत्रमा विकासका आधार निर्माण हुँदै गएका भए पनि योजनाबद्ध रूपमा नभएकाले सीमित साधनस्रोतको अपव्यय भएको छ । स्थानीय आवश्यकता र पहिचानबिना सञ्चालनमा आएका कार्यक्रमले जनताको आवश्यकता परिपूर्ति गर्न सक्दैनन् ।

ग्रामीण क्षेत्रमा विकासका पूर्वाधार नपुगेका होइनन् तर आवश्यक मात्रामा पुगेका छैनन् । पुगेका पूर्वाधारबाट जुन लाभ लिन सक्नुपर्ने हो त्यो हुन सकेको छैन । यसको मुख्य कारण भनेको स्थानीय ग्रामीण जनताको आवश्यकताको पूर्व पहिचान गर्न नसक्नु हो । अव्यवस्थित योजना तथा कार्यक्रम लागु गरिँदा पूर्वनिर्धारित लक्ष्य प्राप्त गर्न नसक्नु स्वाभाविक नै हुन आउँछ ।

ग्रामीण विकासका लागि प्रयास भए पनि व्यवस्थित र दिगो रूपमा हुन नसकेको अहिलेको अवस्था हो । स्रोत साधनको उपयुक्त किसिमबाट विनियोजन गरेर कार्यान्वयन गर्न आवश्यक छ । अनुगमन तथा मूल्याङ्कनमा पनि ध्यान दिनु पर्छ ता कि भविष्यमा व्यवस्थापनमा उही र उस्तै समस्याको पुनरावृत्ति हुन नपाओस् ।

अहिले ग्रामीण अर्थतन्त्र खस्कँदै गएकाले देशको अर्थतन्त्र द्वैध किसिमको छ । ग्रामीण अर्थतन्त्र दयनीय बन्दै गएको छ भने सहरबजार हुनेखाने बन्दै गएको छ । त्यसकारण अहिले केही भएकाहरू सहरबजार, देशका ठुला ठुला सहर र देशको राजधानीतर्फ जाने क्रम बढ्दै गएको छ । ग्रामीण क्षेत्र कमजोर हुँदै गएको र उद्योगधन्दा, कलकारखाना, रोजगारीका अवसर नभएकाले ग्रामीण क्षेत्र विकर्षण बन्दै गएको छ, अर्थात् 'पुस फ्याक्टर' ले असर गरेको छ । त्यस्तै गरी सहरी क्षेत्र भने आकर्षण बन्दै गएको छ अर्थात् 'पुल फ्याक्टर' ले प्रभाव पारेको देखिन्छ । यसरी ग्रामीण क्षेत्र विकासको दृष्टिकोणबाट कमजोर हुँदै गएको छ भने सहरी क्षेत्र भने अघि बढ्दै गएको छ । यसरी ग्रामीण क्षेत्रमा बसोबास गर्ने विभिन्न क्षेत्र, वर्ग र समुदायको आर्थिक अवस्था सुधारका कार्यक्रम ल्याउनु पर्छ । सबै क्षेत्रको विकासमा पहुँच र लाभलाई ध्यानमा राखेर समन्यायिक अवस्था सिर्जना गरिनु आजको आवश्यकता हो ।

# स्वच्छ ऊर्जा रूपान्तरणमा नेपालको भूमिका

**डा.रामहरि पौड्याल**

नेपाल, प्राकृतिक स्रोतहरूले भरिपूर्ण, स्वच्छ ऊर्जा क्रान्तिको नमुना राष्ट्रका रूपमा सँघारमा उभिएको छ । करिब छ हजारभन्दा बढी नदी संसारको छानो मानिने सगरमाथा हुँदै बग्ने गर्छन् । वार्षिक तीन सय दिन लाग्ने घाम, सफा आकाश र जैविक ऊर्जाका लागि उपयुक्त कृषि भूमि भएको देशका रूपमा नेपालले आफ्नो ऊर्जा स्रोतलाई विविधीकरण गर्न अद्वितीय सम्भावना राख्छ । विश्व समुदाय कार्बन न्युट्रालिटीतर्फ दौडिरहेको अवस्थामा नेपालले नवीकरणीय ऊर्जा विकासमा नेतृत्वदायी भूमिका खेल्न सक्ने अद्वितीय सम्भावना छ । यद्यपि यो सम्भावना साकार पार्नका लागि तत्काल नीतिगत पहल र दिगो अभ्यासको आवश्यकता छ । 'ऊर्जाको समस्या समाधान गर्न ऊर्जा मिश्रणको आवश्यकता छ' भन्ने भनाइले नेपालको सहनशील र समावेशी ऊर्जा भविष्यको दृष्टिकोणलाई परिभाषित गर्छ ।

**जलविद्युत्को योगदान**

जलविद्युत् नेपालका नवीकरणीय ऊर्जा महत्वाकांक्षाको सबैभन्दा ठुलो आधारशिला हो । करिब ८३ हजार मेगावाट अनुमानित क्षमतासहित नेपालका नदीहरूले स्वच्छ र निरन्तर ऊर्जा स्रोत प्रदान गर्छन् । हाल मुख्यतः साना र मध्यम आकारका जलविद्युत् परियोजनाबाट क्षमताको मात्र चार प्रतिशत प्रयोग गरिएको छ । यी परियोजनाले बर्खायाममा देशको ऊर्जा आवश्यकता मात्र पूरा गर्दैनन् अतिरिक्त ऊर्जा छिमेकी मुलुक भारत र बङ्गलादेशसम्म निर्यात गरेर नेपालको अर्थतन्त्रलाई समेत बलियो बनाउँछन् । तथापि हिउँदमा हाम्रा नदीहरूको प्रवाह घट्छ । बिजुली उत्पादन आधा हुन्छ र भारतबाट बिजुली किन्नुपर्ने हुन्छ । नदी प्रवाही आयोजनाको आधिक्य नेपालको ऊर्जा क्षेत्रको एउटा ठुलो समस्या हो । भारत र बङ्गलादेशसँगको नेपालको पावर एक्सचेन्ज सम्झौता र सीमापार विद्युत् प्रसारण परियोजनाले जलविद्युत्को रणनीतिक महत्वलाई उजागर गर्छ । हालै नेपाल विद्युत् प्राधिकरणद्वारा गरिएको आठ सय मेगावाटको सोलार पिभी परियोजनाको बोलपत्रले जलविद्युत् र अन्य नवीकरणीय ऊर्जा स्रोतबिचको समन्वयलाई थप उजागर गरेको छ । तथापि जलविद्युत्मा मात्र निर्भरता जलवायु परिवर्तन र चरम मौसमी घटनाका जोखिमको सामना गर्न असक्षम हुन्छ । यो वैश्विक यथार्थतालाई नेपालले समयमै बुझ्न र चिन्न ढिला गर्नु हुँदैन ।

**जलवायु चुनौती**

नेपालका नदीहरू मुख्यतः हिमाली क्षेत्रका हिउँले भरिएका छन् जसमा मौसम परिवर्तनका कारणले सृजित बढ्दो तापक्रमका कारण तीव्र रूपमा पग्लिने प्रक्रिया भइरहेको छ । ग्लेसियल लेक आउटबर्स्ट फ्लड (ग्लोफ) जस्ता चरम मौसम घटनाहरूले तल्लो इलाकाका जलविद्युत् परियोजना र समुदायलाई ठुलो जोखिम पुर्‍याउँछन् । ठुला बाँधहरूले धेरै ऊर्जा उत्पादनको वाचा गरे पनि तिनीहरूले पारिस्थितिक प्रणालीलाई अवरोध गर्न, समुदायलाई विस्थापित गर्न र तल्लो इलाकामा खतरा निम्त्याउन सक्छन् । ऊर्जा विकास र वातावरणीय संरक्षणबिच सन्तुलन राख्न अत्यन्त आवश्यक छ । यस्तो चुनौतीका लागि बहुराष्ट्रिय जोखिमसम्बन्धी वातावरणीय अनुसन्धानमा सम्बद्ध राष्ट्रले संयुक्त रूपमा यथाशीघ्र कदम चाल्नु पर्छ ।

**ऊर्जा मिश्रणको विविधीकरण**

ऊर्जाको विविधीकरणका लागि ऊर्जा मिश्रणको विविध पोर्टफोलियोले यी जोखिम कम गर्न सक्छन् । नेपालको भूगोल र मौसमले हाइड्रोपावर मात्र नभएर अन्य नवीकरणीय ऊर्जा स्रोतहरूको पर्याप्त सम्भावना उजागर गरेको छ ।

सोलार ऊर्जा : १२ हजार मेगावाट क्षमता र ६.८ घण्टा प्रतिदिन घाम लाग्ने र सोलार रेडिएसन ३.६-६.२ किलोवाट प्रतिघण्टा वर्गमिटर रहेको छ । वार्षिक झन्डै तीन सय दिन घाम लाग्ने नेपालमा सोलार ऊर्जाको विशाल सम्भावना छ । सोलार पिभी प्रणालीले सुक्खा मौसममा जलविद्युत् लाई पूरक गर्न सक्छ । सहरी क्षेत्रमा छत सोलार अभियान र ग्रामीण क्षेत्रमा अफग्रिड सोलार प्रणालीले ऊर्जा पहुँचलाई उल्लेखनीय रूपमा विस्तार गर्न सक्छ । सिँचाइका नहरमा, कुलेखानीका रिजर्बोयरमा, देशका सबै सरकारी कार्यालयमा, स्कुल र कलेजमा अनिवार्य सोलार जडान गर्नुपर्ने, नयाँ घर बनाउँदा कम्तीमा तीन किलोवाटको सोलार अनिवार्य गरे काठमाडौँका एक लाख घरबाट तीन सय मेगावाट बिजुली निस्कन सक्छ ।

वायु ऊर्जा : नेपालको पर्वतीय भूभागले वायु ऊर्जा उत्पादनका लागि अनुकूल अवस्था प्रदान गर्छ । ७६१ मेगावाट क्षमता उच्च भूभाग क्षेत्रमा वायु टर्बाइनको रणनीतिक प्रयोगले ऊर्जा विश्वसनीयता बढाउन र जलविद्युत्मा निर्भरता घटाउन सक्छ । नेपालको मुस्ताङ, मनाङ जस्ता हिमाली क्षेत्र सौर्य र वायु दुवै ऊर्जाका लागि उपयुक्त स्थान हुन् । त्यस्ता क्षेत्रमा स्याउ तरकारीजन्य हिमाली जडीबुटीजन्य उद्योग खोल्न सके स्थानीय बिजुलीको प्रयोग हुन सक्थ्यो । रोजगारी सिर्जना गर्दै मान्छेको पलायनलाई रोक्न सकिन्थ्यो ।

जैविक ऊर्जा : कृषिप्रधान देशका रूपमा नेपालले जैविक फोहोरको ठुलो परिमाण उत्पादन गर्छ, जसलाई बायोग्यास र जैविक ऊर्जा बनाउन प्रयोग गर्न सकिन्छ । जैविक ऊर्जा प्रवर्धन गर्नाले ग्रामीण समुदायलाई परम्परागत इन्धनको दिगो विकल्प प्रदान गर्न सक्छ ।

**दिगो ऊर्जा भविष्यका लागि नीतिगत पहल**

नवीकरणीय ऊर्जा सम्भावनालाई आत्मसात् गर्न नेपालले तपसिलका अग्रगामी नीति र रणनीति अपनाउनु पर्छ :

समेकित ऊर्जा नीति : नेपाललाई जलविद्युत्, सोलार, वायु र जैविक ऊर्जाको सन्तुलित मिश्रणलाई प्राथमिकतामा राख्ने समग्र ऊर्जा नीतिको आवश्यकता छ । नेपालको ऊर्जा नीतिले नवीकरणीय ऊर्जा अपनाउने स्पष्ट लक्ष्य तोक्न र निजी क्षेत्रको सहभागिताका लागि प्रोत्साहन प्रदान गर्नु पर्छ । अनुपातिक रूपमा सबै प्रकारका नवीकरणीय ऊर्जालाई प्रोत्साहित गर्ने र अनावश्यक क्याप लगाएर सीमित पार्नु हुँदैन ।

जलवायु सहनशील पूर्वाधार : जलविद्युत् परियोजनाले जलवायु अनुकूलन उपायलाई समावेश गर्नु पर्छ । जस्तै : ग्लोफका लागि पूर्वसूचना प्रणाली र ठोस बाँध सुरक्षा प्रोटोकल । साना आकारका 'रन अप दी रिभर' परियोजनाले वातावरणीय प्रभावलाई न्यून गर्न र ठुला बाँधसँग सम्बन्धित जोखिमलाई कम गर्न सक्छ । बहुउद्देश्यीय जलविद्युत् परियोजनाले ऊर्जा, सिँचाइ, इको टुरिजम, साहसिक खेल र नवीकरणीय ऊर्जाको सेन्टर अफ एक्सलेन्सका रूपमा विकास र विस्तार गर्ने बृहत् अभियानमा नेपालको ऊर्जा नीति परिलक्षित हुनु पर्छ ।

छत सोलार प्रोत्साहन : छत सोलार स्थापना गर्न आम्दानी कर छुट र अनुदान प्रदान गर्दा सहरी घरपरिवार र व्यवसायलाई सोलार ऊर्जा अपनाउन प्रोत्साहन गर्न सकिन्छ । नयाँ सरकारी भवन, विद्यालय र अस्पतालका लागि सोलार पिभी प्रणाली अनिवार्य बनाउँदा यसलाई थप तीव्रता दिन सकिन्छ ।

विकेन्द्रित ऊर्जा प्रणाली : अफग्रिड सोलार र माइक्रो हाइड्रो परियोजनाले दुर्गम क्षेत्रमा बिजुली पुर्‍याउन सक्छन् । विकेन्द्रित प्रणालीले केन्द्रीय ग्रिडहरूमा निर्भरता घटाएर ऊर्जा सुरक्षा बढाउँछ ।

क्षेत्रीय सहयोग : नेपालले बिआइएमएसटिइसी र सारी जस्ता क्षेत्रीय रूपरेखालाई उपयोग गरेर सीमापार ऊर्जा व्यापारलाई प्रवर्धन गर्नु पर्छ । प्रभावकारी प्रसारण मार्गहरू विकास गर्नु र सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडल अपनाउनुले लगानी आकर्षित गर्न र दिगो ऊर्जा उत्पादन सुनिश्चित गर्न सक्छ ।

सार्वजनिक सचेतना र सहभागिता : स्थानीय समुदायलाई ऊर्जा परियोजनामा संलग्न गर्दा उनीहरूको आवश्यकता र चिन्ता सम्बोधन गरिन्छ । नवीकरणीय ऊर्जा लाभबारे शैक्षिक अभियानले स्वीकार्यता र सहकार्यलाई प्रवर्धन गर्न सक्छ । ऊर्जालाई कसरी बचाउने र कसरी ऊर्जा दक्षता बढाउने भन्नेबारे तालिमको व्यवस्था गर्नु पर्छ ।

**अगाडिको बाटो**

सन् २०२५ जनवरी २६ मा संसारले तेस्रो वार्षिक अन्तर्राष्ट्रिय स्वच्छ ऊर्जा दिवसका रूपमा मनाइरहँदा स्वच्छ ऊर्जामा न्यायपूर्ण र समावेशी सङ्क्रमणका लागि चेतना जगाउन र सबैलाई जुटाउन समर्पित छ । यो क्षणले नेपालको नवीकरणीय ऊर्जा लक्ष्यप्रति प्रासङ्गिकता थप्दै सतत भविष्य निर्माणका लागि नवीकरणीय ऊर्जाको महत्वपूर्ण भूमिकाको सम्झना गराउँछ । नेपालले स्वच्छ ऊर्जा भविष्यतर्फ लम्किँदै गर्दा नवीनता र समावेशितालाई अँगाल्नु पर्छ । ऊर्जा मिश्रणको विविधीकरण, जलवायु सहनशील पूर्वाधारको स्वीकृति र क्षेत्रीय सहकार्य प्रमुख कदम हुन् । नवीकरणीय ऊर्जा नेपालको ऊर्जा आवश्यकताका लागि मात्र समाधान होइन । यो आर्थिक वृद्धि, वातावरणीय संरक्षण र

❖ बाँकी तेस्रो पृष्ठमा

# एक इटा दिने आमाको अधुरो सपना !!



• माधव कल्पित

२०७६/०७७ सालतिरको कुरा हो। क्षितिज नाट्य प्रतिष्ठान झापा नाटक घर निर्माणको लागि एक ऐतिहासिक लक्ष्य लिएर अघि बढिरहेको थियो। हाम्रो अभियानको "एक इटा सहयोग" ले समाजमा निकै खैलाबैला मच्चाइरहेको थियो। बहुजातीय साँस्कृतिक संग्रहालयसहितको झापा नाटक घर निर्माण गर्ने सपनालाई साकार पार्न म र मेरो अभियानका साथीहरू दिनरात खटिएका थियौं। समाजको हर वर्गबाट सानो ठूलो योगदान जुटाउँदै हामीले हाम्रो यात्रा जारी राखेका थियौं। यसै क्रममा झापा बिर्तामोड निवासी प्रसाई थरकी एक आमासँग भेट्ने मौका जुर्‍यो।

मैले आमाको नाम पहिले नै सुनेको भए पनि प्रत्यक्ष भेटघाट कहिल्यै भएको थिएन। एक बिहान उनले हाम्रो संस्थाकी सोही थरकी एक सदस्यमार्फत आफ्नो निवासमा बोलाउनु भयो। जब हामी उनको घर पुग्यौं, उहाँले हामीलाई अपार माया र विश्वासका साथ स्वागत गर्नुभयो। वृद्ध उमेर र अस्वस्थ शरीरका बाबजुद आमाको आँखा चम्किरहेका थिए। जीवन र मृत्युको दोसाँधमा उभिएकी आमाको मन भने अझै जवानजस्तै देखिन्थ्यो–समाजको लागि केही गर्नुपर्छ भन्ने भावना र भविष्यप्रतिको आशाले भरिएको थियो ।

हामीले आमालाई हाम्रो अभियानका बारेमा बिस्तारमा जानकारी गरायौं। उहाँले गहिरो मनन गर्नु भयो र मुस्कुराउँदै भन्न थाल्नु भयो, "मैले जीवनभर समाजको लागि सक्दो गरेँ। तपाईंहरूको यो अभियान साँच्चै सराहनीय छ। म पनि यसमा सहभागी हुन चाहन्छु।" यो सुनेर हाम्रो मन झन् उत्साहित भयो। उहाँले सिरानीमुनि राखेको केही रकम निकालेर हामीलाई थमाउँदै भन्नु भयो, "अहिले मेरो हातमा यत्ति छ। पछि अझै सहयोग गर्न चाहन्छु। यदि म बाँचेँ भने थप सहयोग गर्ने छु, तर मबाट नभए पनि मेरा छोरा-बुहारीहरूले मेरो यो एक इटा थप्ने मेरो चाहना अवश्य पूरा गर्नेछन्। तपाईंहरुले उनीहरुसंग भेट गर्नु र मेरो कुरा राखिदिनु है ।"

हामीलाई लाग्यो, यी आमाको आत्मीयता, समर्पण र योगदान हाम्रो अभियानको अमूल्य हिस्सा बनेको छ। मैले उहाँलाई ढाडस दिँदै भने, "आमा, तपाईं पहिले निको हुनुहोस्। पछि हाम्रो अभियान स्थलमा पनि आउनुहोला । हामी तपाईंका छोराबुहारीलाई पनि भेट्नेछौं।"

तर आमाको स्वास्थ्य झन् बिग्रँदै गयो। करिब छ महिनापछि, समाजले ती आमालाई सदाका लागि गुमायो। उहाँको निधनले सिंगो समाज शोकमग्न बन्यो। सबैले समाजसेवी आमालाई सम्झिए । आमाको योगदानको कदर गरे। हामी पनि बारम्बार कामको समयमा परिवारको साथमा पुग्यौं। तर, दुःखको समयमा छोराबुहारीलाई आमाको अधुरो सपना सुनाउने कुरा उपयुक्त लागेन।

आमाको पहिलो वार्षिकीपछि हामीले छोराबुहारीलाई भेटेर आमाको अधुरो सपना पूरा गर्न आग्रह गर्ने निर्णय गर्‍यौं। जब हामी उनको घरमा पुग्यौं, गेट बन्द थियो। गेटमा ठूलो अक्षरले लेखिएको बोर्ड थियो, "कुकुरबाट सावधान।" यसले हामीलाई भित्र पस्ने हिम्मत नै गरेन। छिमेकीसँग सोधपुछ गर्दा थाहा भयो–आमा बितेपछि त्यो घर सुनसान भएको छ। जहाँ एक समय मानिसको ओहोरदोहोरले भरिभराउ हुन्थ्यो, अहिले त्यहाँ सुनसान छ।

छिमेकीले भने, "आमा हुँदा यहाँ सबैको लागि खुला ढोका थियो। अब त घरमा को बस्छन् भन्ने पनि थाहा छैन।" हामीले केही समयसम्म गेटतिर हेरिरह्यौं। त्यो "कुकुरबाट सावधान" लेखिएको बोर्डले हाम्रो मनमा गहिरो चोट पुर्‍यायो। लाग्थ्यो, त्यो गेटले हामीलाई रोकिरहेको छैन, बरु आमाको आवाज सुनाउँदै छ।

हामीले उनीहरूलाई अन्य माध्यमबाट सम्पर्क गर्ने प्रयास गर्यौं। त्यो परिवारसंग निकै नजिक सम्बन्ध रहेको प्राध्यापक मेरो भान्जी ज्वाइँ कुलदीप घिमिरेमार्फत हामीले उनीहरूलाई भेट्ने समय माग्यौं। तर कहिले काठमाडौंमा ,कहिले पोखरा, कहिले कुनै अन्यत्रै। हाम्रो सन्देश सुनेर पनि हामीलाइ भेट्ने र आमाको एक इटा थप्ने सपना पुरा गर्ने उहाँहरुसंग इच्छा शक्ति नै देखिएन ।

यो सबैले हाम्रो मनमा गहिरो पीडा दियो। ती आमाले आफ्नो जीवनभर समाजको लागि त्याग गरिन्। मृत्युको मुखमा उभिएर पनि समाजको लागि केही गर्ने चाहना देखाइन्। तर उनका सन्तानले ती आमाका सपनाहरूलाई निरन्तरता दिन त परै जाओस्, सामान्य सन्देश सुन्ने समयसमेत दिएनन्।

हामीले आमालाई मनमनै भन्यौ "आमा, तपाईंले एक इटा दिनुभयो। तर त्यो एक इटा केवल निर्माणका लागि मात्र थिएन। तपाईंले समाजप्रतिको अपार माया र विश्वास दिनुभयो। अहिले यो गेटमा रहेको बोर्डले तपाईंको अभावलाई झनै गहिरो बनाएको छ। शहरमा चोरहरूको बिगबिगी छ, आमा। गाई पाल्ने हाम्रो पुरानो संस्कृति छोडेर, अब हाम्रो समाज कुकुर पाल्नु बाध्य बनेको छ। तर तपाईं हुँदा जुन माया र विश्वासले यो घर बाँधिएको थियो । त्यो कुकुरबाट सावधानको बोर्डले छेकेको छ।"

यो कथा केवल ती आमाको मात्र होइन। यो समाजको यथार्थ चित्र हो। समयसँगै मानवीय मूल्यहरू कसरी बदलिएका छन् भन्ने उदाहरण हो। परिवारमा आमा, बुबा, हजुरबा, हजुरआमाहरूको स्थान केवल उनीहरूको उपस्थितिसँग सीमित भएको छ। उनीहरू गइसकेपछि सम्बन्धहरूको महत्व बिस्तारै घट्दै जान्छ।

आमाको कथा समाजलाई गहिरो शिक्षा दिन्छ। केवल भौतिक सम्पत्ति र सुविधा नै हाम्रो जीवनको सबैभन्दा ठूलो लक्ष्य होइन। सम्बन्ध, माया, र विश्वासले मानिसलाई मानव बनाउँछ। ती आमाले दिएको योगदानले हाम्रो अभियान मात्र होइन, सिंगो समाजलाई प्रेरणा दियो। तर उनका सन्तानले त्यो प्रेरणालाई बिर्सेर आफ्नो व्यक्तिगत जीवनमा मग्न हुनुलाई हामीले केवल दुर्भाग्य भन्न सक्छौं।

आमाको अधुरो सपना कहिल्यै पूरा भएन। तर उनले हामीलाई जुन माया र आशीर्वाद दिइन् ,त्यो हाम्रो अभियानको नींव बन्यो। आज पनि, जब त्यो गेटमा "कुकुरबाट सावधान" लेखिएको बोर्ड देखिन्छ, मलाई लाग्छ, त्यो केवल एउटा चेतावनी बोर्ड होइन, त्यो हाम्रो समाजको वर्तमान स्थिति प्रतिको गहिरो कटाक्ष हो।

हामीले आमाको इच्छालाई मनमनै सम्झेर भनेका थियौं, "आमा, तपाईंको योगदानले हामीलाई लाखौं इटा दिएको छ। यो अभियान तपाईंको आशीर्वादले सधैँ अघि बढिरहनेछ। तपाईंले हामीलाई जुन माया दिनुभयो, त्यो माया अब सधैँ हाम्रो प्रेरणाको स्रोत हुनेछ। तर तपाईं गएपछि यो गेट सधैँका लागि बन्द भइसकेको छ।"

यो हाम्रा सन्तान, समाज, र सम्पूर्ण मानव जातिलाई एक पाठ हो। परिवार र सम्बन्धप्रतिको यो उदासीनता कहिल्यै हाम्रो सभ्यता र संस्कृतिको हिस्सा बन्न नदिऊँ। आमाले देखाएको बाटोमा हामी अघि बढ्न सकौं। अस्तु।

# ७ अर्ब ३९ करोड रुपैयाँ बराबरको छात्रवृत्ति प्रदान गरिँदै

झापा(प्रस) । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यो वर्ष सात अर्ब ३९ करोड बराबरको छात्रवृत्ति प्रदान गर्ने भएको छ । चालु आर्थिक वर्षमा छात्रवृत्तिको लागि सात अर्ब ३९ करोड ७२ लाख ६५ हजार रुपैयाँ विनियोजित गरेको हो ।विद्यालय तह र उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई उक्त रकम बराबरको छात्रवृत्ति प्रदान गर्न लागेको हो । विद्यालय शिक्षा छात्रवृत्ति अन्तर्गत १२ हजार ६५ जना विद्यार्थीले प्रति विद्यार्थी ५० हजारका दरले छात्रवृत्ति पाउनेछन् । त्यसका लागि मन्त्रालयले ६० करोड ३२ लाख ५० हजार रुपैयाँ विनियोजित गरेको छ । त्यस्तै गैरआवासीय छात्रवृत्ति अन्तर्गत कक्षा १ देखि १२ सम्मका १५ लाख ४० हजार १०३ विद्यार्थीले छात्रवृत्ति पाउनेछन् । जसका लागि ६२ करोड ७० लाख ४७ हजार रुपैयाँ विनियोजित गरिएको छ ।त्यस्तै प्राविधिक तथा व्यावसायिक शिक्षा छात्रवृत्तिअन्तर्गत ८ हजार २४५ विद्यार्थीले प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्ति पाउनेछन् । त्यसका लागि ५ करोड ९४ लाख रुपैयाँ बजेट विनियोजित गरिएको शिक्षा मन्त्रालयले जनाएको छ ।उच्च शिक्षा छात्रवृत्तिका लागि ३९ करोड ४६ लाख रुपैयाँ विनियोजित गरिएको छ । उच्च शिक्षा छात्रवृत्तिअन्तर्गत सहिद तथा द्वन्द्व पीडित विद्यार्थी, मुक्त कमलरी विद्यार्थी, मुस्लिम महिला विद्यार्थी, अपाङ्गता भएका विद्यार्थीले वार्षिक २४ हजारका दरले पाउनेछन् ।त्यस्तै आर्थिक रूपले विपन्न र दलित विद्यार्थीको साधारण विषयका लागि वार्षिक १५ हजार र प्राविधिक विषयका लागि २१ हजार रुपैयाँ छात्रवृत्ति पाउनेछन् । त्यस्तै चिकित्सा शिक्षा छात्रवृत्तिअन्तर्गत १० हजार ५९४ जना विद्यार्थीले ५ अर्ब ११ करोड २९ लाख ६८ हजार रुपैयाँ बराबरको छात्रवृत्ति पाउनेछन् । चिकित्सा शिक्षा छात्रवृत्तिका लागि अध्ययन जारी रहेका अघिल्लो वर्षको विद्यार्थीलाई समेत छात्रवृत्ति निरन्तरता दिने मन्त्रालयले जनाएको छ ।

## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | psw1230001342 | सरु सिटौला | बिर्तामोड-१ ,झापा |

# तीन वर्षमा एक हजार ६ सय ६६ अनलाइन सूचीकृत

झापा(प्रस) । पछिल्लो तीन वर्षमा प्रेस काउन्सिल नेपालमा एक हजार छ सय ६६ अनलाइन सञ्चार माध्यम सूचीकृत भएका छन् । नयाँ खुलेका अनलाइनका सम्पादक र सञ्चालकहरुलाई पत्रकार आचारसंहिताको अभिमुखीकरण दिने क्रममा काउन्सिलले उक्त विवरण सार्वजनिक गरेको हो । काउन्सिलका अध्यक्ष बालकृष्ण बस्नेतले विभिन्न पृष्ठभूमिबाट सञ्चार क्षेत्रमा प्रवेश गर्नेलाई पत्रकार आचारसंहिताको दृष्टिकोणबाट लिइने यस्ता कक्षा उपयोगी हुने बताए । 'स्वच्छ, मर्यादित, तथ्यपूर्ण र विवादरहित पत्रकारिताका लागि हरेक सञ्चारकर्मीले पत्रकार आचारसंहिताको पूर्णपालना गर्नुपर्छ', उनले भने । प्रेसले पाएको स्वतन्त्रताको अर्थ जथाभावी अधिकार वा स्वच्छन्दता नभएको उल्लेख गर्दै उनले युट्युबसहित सामाजिक सञ्जाल प्रयोग गर्ने सबै सञ्चार माध्यम जिम्मेवार हुनुपर्ने बताए ।

**स्वच्छ ...**

सामाजिक समानताको साँचो समावेशी मार्ग पनि हो । ऊर्जा विकासलाई मात्र ध्यान दिँदा र वातावरणीय सत्यलाई ध्यान नदिँदा हाम्रा परियोजना विनाश निम्त्याउने काल नबनुन् ।

ब्रिटिस पेट्रोलियमको यो ऊर्जा प्रेरणास्पद शब्दमा भने झैँ 'टु मेक एन इनर्जी फिक्स, वि निड एन इनर्जी मिक्स' अर्थात् ऊर्जाको समस्या समाधान गर्न ऊर्जा मिश्रणको आवश्यकता छ । सोलार, वायु, जैविक, हाइड्रोजन, औद्योगिक धुलो र धुवाँसमेतलाई क्याप्चर गरेर बिजुली निकालिने प्रविधि अथाह जलविद्युत्को सम्भावनालाई उपयोग गरेर नेपालले दिगो र समृद्ध भविष्य सुनिश्चित गर्न सक्छ । सरकारले भर्खरै सन् २०३५ सम्म २८ हजार मेगावाट जलविद्युत् निर्माण गर्ने प्रतिबद्धतासहितको प्रतिवेदन ल्याएको छ । तथापि यो पहिले झैँ निस्कने कर्मकाण्डी श्वेतपत्र नबनोस् । संसद्मा विचाराधीन ऊर्जा विधेयक छिट्टै बनोस् । हरेक पार्टी र विज्ञले दिएका सुझाव तिनमा प्रतिविम्बित हुन् । राम्रो निर्णय लिनका लागि यो नै उपयुक्त समय हो किनभने नदी, हिमालय र भावी पुस्ता हाम्रो आजको ऊर्जा नीति र तिनको यथार्थ कार्यान्वयनमा निर्भर गर्छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ









वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष:** विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ ।

**वृष:** धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ ।

**मिथुन:** मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कर्कट:** आज पहेँलो रङ्गको पहिर गर्नाले विभिन्न समस्याबाट जोगाउन सक्छ ।

**सिंह:** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**कन्या:** कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**तुला:** न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**वृश्चिक:** आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**धनु:** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर:** आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ । मालसामान पनि हराउन सक्छ ।

**कुम्भ:** आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिन:** अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ ।